# महालेखापरीक्षकको कार्यालय

**अनामनगर, काठमाण्डौं**

# सूचना

## दोस्रो पटक सूचना प्रकाशित मितिः २०८०/७/१४

महालेखापरीक्षकको कार्यालयले आ.व. २०८०/८१ मा देहाय वमोजिमका विषयमा नागरिक समाज समेतको सहभागितामा कार्यमूलक लेखापरीक्षण गर्ने भएको हुनाले सो विषयसंग सम्बन्धित कम्तिमा ३ वर्षको कार्य अनुभवका साथै पारदर्शिता, सुशासन, भ्रष्टाचार विरुद्ध नागरिक सहभागिता र सार्वजनिक उत्तरदायित्व लगायतका क्षेत्रमा अध्ययन, अनुसन्धान कार्य गरी अनुभव प्राप्त गरेका इच्छुक नागरिक समाजका संस्थाहरुवाट तोकिएका कागजात, प्रमाण सहित यो सूचना प्राप्त भएको मितिले २१ दिनभित्र आशयपत्र यस कार्यालयको कार्यमूलक लेखापरीक्षण निर्देशनालयमा बुझाउन वा performanceaudit2022@gmail.com इमेलमा पठाउनुहुन यो सूचना जारी गरिएको छ:

| **क्र.सं.** | **नागरिक सहभागितामा गराउने संभावित कार्यमूलक लेखापरीक्षणको विषय** |
|---|---|
| १. | राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रम |
| २. | स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारिता |
| ३. | तराई मधेश समृद्धि कार्यक्रम |
| ४. | विपद् व्यवस्थापनमा सेन्डाई फ्रेमवर्कको कार्यान्वयन अवस्था |

**संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) संस्था दर्ता र नवीकरणको प्रमाण-पत्र,

(ख) संस्थासँग आबद्ध व्यक्तिहरुको योग्यता, अनुभव र बायोडाटा (सहभागितात्मक लेखापरीक्षण कार्यसँग सम्बन्धित कार्य अनुभव र तालिम भएमा सो समेत),

(ग) संस्थाको कम्तीमा ३ वर्षको कार्यानूभव,

(घ) संस्थाले विगतमा गरेका अध्ययन, अनुसन्धान एवं स्थानीय स्तरमा गरेका कार्यहरुको विवरण।

**द्रष्टव्यः**

(क) सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक उत्तरदायित्व, सुशासन एवं भ्रष्टाचारविरुद्ध कार्य गरेका संस्थालाई प्राथमिकता दिइनेछ।

(ख) छनोट भएका संस्थालाई कुनै पनि पारिश्रमिक प्रदान गरिनेछैन। तर छनोट भएका संस्थाका प्रतिनिधिहरुलाई लेखापरीक्षण कार्यमा संलग्न भएको दिनको खाजा/खाना खर्च अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका अनुसार उपलब्ध गराइनेछ।

(ग) लेखापरीक्षण कार्यमा संलग्न हुन चाहने संस्थाले लेखापरीक्षण गरिने विषय, कार्यक्षेत्र, लेखापरीक्षणको विधि र प्रक्रिया, संस्थाको जिम्मेवारी तथा अन्य थप जानकारीका लागि महालेखापरीक्षकको कार्यालय, कार्यमूलक तथा विशेष लेखापरीक्षण महानिर्देशनालय, अनामनगर वा मोवाइल नं: ९८५११२२३५९ मा सम्पर्क गर्न सक्नुहुनेछ।